THE
CARTER CENTER

**निर्वाचन आयोग, नेपालद्वारा सञ्चालित "फोटोसहितको मतदाता दर्ता" कार्यक्रमबारे**
**कार्टर सेन्टरको दोस्रो अन्तरिम प्रतिवेदनको सारांश**
**जूलाई ७, २०११**

**परिचय**

कम्प्युटर प्रणालीमा आधारित एउटा नयाँ मतदाता नामावली तयार पार्नका निम्ति निर्वाचन आयोग, नेपालले राष्ट्रव्यापी रूपमा मतदाता दर्ता प्रक्रिया सञ्चालन गरिरहेको छ ।[१] त्यस्तो नयाँ मतदाता नामावलीले नाम छुटेको, गलत ढंगले नाम लेखिएको, एउटै व्यक्तिको एकभन्दा धेरै ठाउँमा नाम दाखिला भएको र मतदाताको रूपमा अयोग्य व्यक्तिको नाम समेत लेखिएको आदि थुप्रै किसिमका त्रुटिहरू छन् भन्ने विश्वास गरिएको अघिल्लो मतदाता नामावलीलाई विस्थापित गर्नेछ ।[२] शान्ति र संवैधानिक प्रक्रियालाई स्थानीय तहमा पर्यवेक्षण गर्ने फराकिला प्रयत्नहरूको एउटा अंगको रूपमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले सन् २०११ को फेब्रुअरी महिनादेखि ७५ मध्ये ४० वटा जिल्लाहरूबाट मतदाता दर्ता प्रक्रियाबारे सूचनाहरू संकलन गरेका छन् । निर्वाचन प्रक्रियालाई सघाउ पुऱ्याउनु, निर्वाचन आयोगको आत्मविश्वास बढाइदिनु, मतदाता दर्ता प्रक्रियालाई आवश्यक मात्रामा शुद्धता प्रदान गर्नु र नेपालको समग्र लोकतान्त्रिक प्रक्रियालाई सुदृढ तुल्याउनका निम्ति योगदान गर्नु नै कार्टर सेन्टरको पर्यवेक्षणका उद्देश्यहरू हुन् ।

**सन्दर्भ**

परीक्षण अभ्यासको रूपमा सन् २०१० को मार्च महिनामा मतदाता दर्ता प्रक्रिया शुरु गरिएको थियो । स्थलगत तथ्याङ्क संकलन कार्य विभिन्न चरणमा गरिएको थियो । त्यसमध्ये नगरपालिकाहरूको चरण र ब्रिजिङ चरणको काम सकिएको छ भने राष्ट्रव्यापी चरणको काम जारी छ । त्यसका साथै, सन् २०११ को जून महिनामा निर्वाचन आयोगले जिल्लाबाहिर दर्तालाई सहजीकरण गर्न मध्य जुलाईदेखि थप दर्ता केन्द्रहरू खोलिने घोषणा गऱ्यो । जिल्ला तहमा गरिएको मतदाता दर्ता अन्तरगत विभिन्न स्तरमा विभिन्न माध्यमबाट मतदाता शिक्षा अभियान, मतदाताको रूपमा दर्ता हुन योग्य व्यक्तिहरूको पहिचान गर्ने, उनीहरूलाई जानकारी दिने र तथ्यांक संकलन गर्ने घरदैलो अभियान (संकलन कार्य) र ८ हजारभन्दा बढी दर्तास्थलहरूमा स्थलगत दर्ता आदि परेका छन् । त्यसका साथै आफ्नो स्थायी ठेगानामा नाम दर्ता गर्न छुटाएका व्यक्तिहरूलाई दर्ता प्रक्रियामा समेट्न जिल्ला निर्वाचन कार्यालयहरूमा निरन्तर दर्ता जारी छ ।

**विधि**

मतदाता दर्ता प्रक्रियाका बारेमा निर्वाचन अधिकृतहरू, अन्य सरकारी अधिकारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, पत्रकारहरू, नागरिक समाज र आम नागरिकहरूबाट सूचनाहरू संकलन गर्नका निम्ति सन् २०११ को फेब्रुअरीदेखि जुनसम्म कार्टर सेन्टरका दीर्घकालीन पर्यवेक्षकहरूको ६ वटा टोली[३] खटिएका थिए पर्यवेक्षकहरूले तराईका १८ वटा, पहाडका १५ वटा र हिमाली क्षेत्रका ७ वटा जिल्लाहरूबाट सूचनाहरू संकलन गरेका थिए ।[४] स्थलगत पर्यवेक्षण गर्ने टोलीहरूले २८ वटा जिल्लामा मतदाता दर्ताको प्रत्यक्ष पर्यवेक्षण गरेका थिए भने १२ वटा जिल्लाहरूमा टेलिफोन सम्पर्कबाट यससम्बन्धी अध्ययन गरेका थिए । कार्टर सेन्टरका दीर्घकालीन पर्यवेक्षकका टोलीहरूले मतदाता सचेतना र सहभागिता, मतदाता दर्ता सम्बन्धी व्यवस्थापन र राजनीतिक दलको सहभागिताका

---

[१]आफूले गरेको अन्तर्राष्ट्रिय राजनीतिक प्रतिवद्धतामा आधारित भएर 'आवधिक, निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित निर्वाचनका निम्ति अधिकार र संस्थागत स्वरूप सुनिश्चित' गर्नको लागि कदमहरू चाल्न नेपाल नैतिक रूपले समेत बाध्य छ । साथै, 'मतदाताहरूको दर्ताको निम्ति एउटा प्रभावकारी, निष्पक्ष र भेदभावरहित विधि' निर्धारण गर्ने तथा मतदाताको सही र ताजा बहिखाता राख्ने कुरामा पनि प्रतिबद्ध छ । हेर्नुस्, 'इन्टरनेशनल पार्लियामेन्टरी युनियन'को स्वतन्त्र र स्वच्छ निर्वाचनसम्बन्धी घोषणाको धारा ४ को उपधारा १ र २, जुन http://www.ipu.org/cnl-e/154-free.htm मा उपलब्ध छ ।

[२] सन् २००८ को संविधान सभाको निर्वाचनको समयमै कार्टर सेन्टरको पर्यवेक्षण अभियानमार्फत अघिल्लो मतदाता नामावलीबारे सेन्टरले आफ्नो सरोकार उजागर गरेको थियो । त्यसबेला 'बढी समावेशी र सही मतदाता नामावली तयार गर्नुपर्छ' भन्ने सिफारिस नै कार्टर सेन्टरको अभियानको अन्तिम प्रतिवेदनको प्रमुख सिफारिस थियो । उक्त प्रतिवेदन
http://www.cartercenter.org/resources/pdfs/news/peace_publications/election_reports/FinalReportNepal2008.pdf
मा उपलब्ध छ ।

[३]कार्टर सेन्टरका दीर्घकालीन पर्यवेक्षकहरूको टोलीमा दुई जना अन्तर्राष्ट्रिय दीर्घकालीन पर्यवेक्षक, एक जना नेपाली राष्ट्रिय दीर्घकालीन पर्यवेक्षक र एक जना दोभाषे रहन्छन् ।

[४]तराईका जिल्लाहरू बाँके, बारा, बर्दिया, दाङ, धनुषा, झापा, कैलाली, कन्चनपुर, कपिलवस्तु, महोत्तरी, मोरङ, नवलपरासी, पर्सा, रूपन्देही, सप्तरी, सर्लाही, सिराहा र सुनसरी । पहाडी जिल्लाहरू आछाम, भक्तपुर, डडेलधुरा, धादिङ, डोटी, इलाम, जुम्ला, काठमाडौं, काभ्रेपलान्चोक, ललितपुर, म्याग्दी, पाँचथर, सुर्खेत, स्याङ्जा र तेह्रथुम । हिमाली जिल्लाहरू दार्चुला, दोलखा, रसुवा, सिन्धुपाल्चोक, संखुवासभा, सोलखुम्वु र ताप्लेजुङ ।

बारेमा तथ्यहरू संकलन गरे । त्यसका साथै उनीहरूले ५२ वटा मतदाता दर्तास्थलहरूको प्रत्यक्ष पर्यवेक्षण पनि गरेका थिए । कार्टर सेन्टरले आफ्नो पर्यवेक्षणका क्रियाकलापहरू नेपालमा प्रचलित कानून, निर्वाचन पर्यवेक्षणका निम्ति निर्वाचन आयोगले निर्धारण गरेको आचारसंहिता र अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणको निम्ति घोषित सिद्धान्तहरूमा आधारित रहेर अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका मापदण्डअनुरूप सञ्चालन गरेको थियो ।

**प्रमुख तथ्यहरू**

सन् २०११ को अप्रिल महिनामा जारी गरेको आफ्नो पहिलो अन्तरिम प्रतिवेदनमा कार्टर सेन्टरले मतदाता दर्ता प्रक्रियालाई निर्वाचन आयोगले कसरी अझ राम्रो बनाउन सक्छ भन्ने सम्बन्धमा थुप्रै सिफारिसहरू गरेको थियो । कार्टर सेन्टरको त्यो प्रतिवेदन जारी भएदेखि निर्वाचन आयोगले सेन्टरका तिनै सिफारिसहरू अनुरूप थुप्रै कदमहरू चालेको थियो । तीमध्ये प्रमुख निम्नानुसार छन् :

- जनसंख्याको अनुमानित आँकडा अनुरूप मतदाता दर्ताको लक्ष्य निर्धारण गर्ने काम ।
- मतदाता दर्तामा लिम्वुवान पार्टिहरूबाट भएका अवरोधहरू समाप्त पार्न संघीय लोकतान्त्रिक राष्ट्रिय मंचसँग आवद्ध संघीय लिम्वुवान राज्य परिषदसँग एउटा सहमति गर्ने काम ।
- देशभित्रै बसाइँसराई गरेका नागरिकहरूलाई जिल्लाबाहिर नाम दर्ता गर्ने सम्बन्धमा कायम रहेको नीतिमाथि पुनर्विचार गर्नेजस्ता काम गरेर उनीहरूको नाम दर्ताको निम्ति अवसरहरू बढाउने काम ।
- मतदाता दर्ता प्रक्रियाका सम्बन्धमा मतदाता शिक्षाका प्रयत्नहरूलाई राष्ट्रव्यापी रूपमा बढाउने काम र
- पहिला गणनामा नपरेका नागरिकहरूलाई दर्तास्थलहरूमा उनीहरू दर्ता हुनसक्छन् भन्ने कुरा सुनिश्चित गर्ने काम ।

मतदानको निम्ति नाम दर्ता गराउन चाहने सबै नेपालीहरूलाई नाम दर्ताको निम्ति अवसरहरू प्रदान गरिएको कुरा सुनिश्चित गर्न निर्वाचन आयोगले अवलम्वन गरेका यी सकारात्मक प्रयत्नहरूलाई कार्टर सेन्टर सह्राहना गर्दछ । दर्ता प्रक्रिया अघि बढ्दै जाँदा यस्ता प्रयत्नहरूले आयोगको लचकता र असल मनशायलाई प्रदर्शित गर्दछन् ।

<u>मतदाता दर्ताको कुल संख्या</u>

राष्ट्रव्यापी चरणको मतदाता दर्ता प्रक्रिया जारी छ । यतिन्जेलको दर्ता संख्या हेर्दा के देखिन्छ भने निर्वाचन आयोगले सन् २०११ को मध्य जुलाईसम्ममा दर्ता गर्ने भनेर तोकेको प्रारम्भिक दर्ता लक्ष्य पूरा गर्न सक्ने छैन । साथै, देशभित्र रहेका सम्भावित मतदाताहरूको अनुमानित अधिकतम संख्याको आँकलन पनि मिल्ने छैन । मे २०११ मा निर्वाचन आयोगले जारी गरेको प्रक्षेपणअनुसार देशभित्रै रहेका १६ वर्ष माथिका दर्ता हुने सम्भावित मतदाताहरूको अधिकतम संख्या लगभग १ करोड ४० लाख ७० हजार रहेको छ । निर्वाचन आयोगले सन् २०११ को मध्य जुलाईसम्ममा मोटामोटी १ करोड १० लाख मतदाताहरू दर्ता गर्ने लक्ष्य राखेको छ । त्यो भनेको देशभित्रका दर्ता गराउने सम्भावित मतदाताहरूको ७५ प्रतिशत संख्या हो । जुलाई ४ गते सम्म उपलब्ध निर्वाचन आयोगको तथ्याङ्कले के देखाएको छ भने लगभग ७९ लाख नागरिकहरूले आफ्नो नाम दर्ता गराएका छन् । त्यो तथ्याङ्क भनेको मध्य जुलाईसम्मको लागि निर्धारित लक्ष्यको ७२ प्रतिशत हो भने दर्ता हुने सम्भावित मतदाताको कुल संख्याको करीब ५४ प्रतिशत हो ।

<u>जिल्लाबाहिर दर्ता</u>

व्यक्तिहरूलाई नाम दर्ताको निम्ति बढीभन्दा बढी पहुँच सहज तुल्याएर दर्ता संख्या बढाउन आफ्नो कार्यक्रममा निर्वाचन आयोगले जिल्लाबाहिर पनि नाम दर्ता गराउने व्यवस्था थप गरेको छ । बसाइँसराईको कुनै पनि प्रमाण हात नपारेका आन्तरिक बसाइँसराई गर्नेहरूलाई र काम वा अध्ययनको सिलसिलामा आफ्नो गृह जिल्लाबाहिर अस्थायी बसोबास गर्न गएका व्यक्तिहरूलाई नाम दर्ता गर्न योग्य हुनका लागि एउटा अवसर प्रदान गर्न गत जुन महिनामा निर्वाचन आयोगले आफ्नो कार्यविधिमा संशोधन गऱ्यो । यो व्यवस्थाअनुसार, व्यक्तिहरूले जुनसुकै दर्तास्थलमा गएर पनि नागरिकतामा उल्लेख भएको ठेगानाअनुसार नै नाम दर्ता गर्न पाउँछन् । त्यही व्यवस्थालाई 'जिल्लाबाहिर दर्ता' भनिएको हो । जिल्लाबाहिर दर्ताको व्यवस्थाद्वारा नाम दर्ता गर्नको लागि आन्तरिक रूपले पुनर्वास गरेका व्यक्तिहरूलाई अझ बढी पहुँच सहज तुल्याउन निर्वाचन आयोगले मध्य जून र मध्य जुलाईको बीचमा धेरैजसो नगरपालिका र उपनगरपालिकाहरूमा नाम दर्ता गर्ने दर्तास्थलहरू खोल्ने घोषणा गऱ्यो । यस्तो घोषणाले नागरिकहरूलाई नाम दर्ताको निम्ति अवसरहरू वृद्धि गर्ने भए तापनि कार्टर सेन्टर के विश्वास गर्दछ भने दर्ताको लक्ष्य र कुल दर्ता संख्या बीच रहेको अन्तरलाई मेट्न मध्य जुलाईभन्दा पछि पनि यस्ता प्रयत्नहरू थप्नु आवश्यक हुनसक्छ । आफ्नो नीतिमा परिवर्तन भएको अवस्थामा निर्वाचन आयोगले जिल्लाबाहिर दर्ता गर्ने व्यवस्थाबारे जनचेतना बढाउन मतदाता शिक्षाका प्रयत्नहरू विकास गरी लागु गर्ने सुनिश्चित गर्नु पर्छ ।

<u>राजनीतिक दलहरूको अवरोध</u>

तराईका केही भूभाग र पूर्वी पहाडमा राजनीतिक दलहरूले पुऱ्याएका अवरोधले मतदाता दर्ता प्रक्रियालाई प्रभावित गरेको छ । जून महिनाको मध्यसम्ममा तीनवटा जिल्लामा मतदाता दर्ता शुरुमात्रै भएको थियो, तर अवरोधहरूले गर्दा ती जिल्लाका कुनै पनि गाविसमा मतदाता दर्ता शुरु हुन सकेन । संघीय लोकतान्त्रिक राष्ट्रिय मंचसम्वद्ध संघीय लिम्वुवान राज्यपरिषद ले पुऱ्याएको अवरोधले गर्दा त्यस्तो हुन गयो । त्यसै गरी, केही जिल्लाहरूमा मधेसवादी दलहरूले पुऱ्याएको अवरोधले गर्दा त्यहाँका आधाभन्दा कम गाविसहरूमा मात्रै मतदाता दर्ता कार्य पूरा हुनसक्यो । मंचसम्वद्ध संघीय लिम्वुवान राज्यपरिषदसँग वार्ताद्वारा निर्वाचन आयोग एउटा सहमतिमा पुग्न सकेको हुनाले मे महिनाको अन्त्यतिर परिषदले अवरोध पुऱ्याउने काम बन्द गऱ्यो । तर यो प्रतिवेदन लेखिरहँदा बाँके, झापा, कपिलवस्तु, मोरङ, नवलपरासी, रूपन्देही र सुनसरी गरी सातवटा जिल्लाहरूमा मधेसवादी दलहरूले अवरोध पुऱ्याउने धम्की जारी राखेका छन् । त्यसको परिणामस्वरूप निर्वाचन आयोगका अधिकारीहरूले यी जिल्लाका निश्चित क्षेत्रहरूमा दर्ता कार्य स्थगित गर्नु परेको थियो । त्यस्तै, मधेसवादी दलहरूले बढी अवरोध पुऱ्याएका चारवटा जिल्लाहरूमा गत जून महिनाको

मध्यसम्ममा १० देखि २० प्रतिशत गाविसहरूमा मात्रै मतदाता दर्ता कार्य पूरा भएको छ । त्यसको परिणामस्वरुप के देखिएको छ भने अवरोध प्रभावित केही जिल्लाहरूमा योजना गरिएअनुसार मध्य जुलाईसम्ममा दर्ता कार्य पूरा हुने छैन ।

मतदाता हुने योग्यता

मतदाता दर्ताको निम्ति व्यक्तिहरूलाई मतदाता हुने योग्यता प्रदर्शित गर्ने कागजातहरूको आवश्यकताले पनि यस प्रक्रियालाई प्रभावित पारेको छ । उल्लेखनीय संख्याका व्यक्तिहरूसँग मतदाताका रूपमा दर्ता हुन आवश्यक पर्ने नागरिकताको प्रमाणपत्र र बसाइँसराई प्रमाणित गर्ने कागजात छैन । मतदाताको रूपमा दर्ता हुन कुन प्रावधानले कति जनालाई अवरोध पुऱ्याएको छ भन्ने कुराको यकिन संख्या किटान गर्न गाह्रो छ, किनभने कति संख्याका व्यक्तिहरूसँग नागरिकताको प्रमाणपत्र र बसाइँसराईको प्रमाण छैन  भन्ने कुराको कुनै आधिकारिक तथ्याङ्क छैन । गणकहरूले विभिन्न जिल्लाहरूबाट संकलन गरेका सूचनाले एक तिहाइदेखि त्यसको आधाजसो व्यक्तिहरूसँग मतदाता हुन चाहिने कागजातहरू नभएकोले र जिल्ला वा मुलुकबाहिर भएकोले गणनामा परेनन् भन्ने देखाएको छ ।

कार्टर सेन्टरले के पाएको छ भने देखिने गरी कुनै एउटा खास क्षेत्र वा खास जनजाति वा लिङ्गमा नभएर नागरिकताको प्रमाणपत्रको अभाव राष्ट्रव्यापी रूपमै एउटा समस्या हो । सकारात्मक कुरा के छ भने हालका महिनाहरूमा नागरिकताको प्रमाणपत्र लिनका लागि आवेदन दिनेहरूको संख्या उल्लेखनीय रूपमा बढेको छ । त्यस्तो आवेदनको पूर्वानुमान गरिएको दरभन्दा तीन गुना र केही जिल्लाहरूमा त चार गुना बढी आवेदन परेको छ । तथापि कति जना नागरिकहरूसँग नागरिकताको प्रमाणपत्र छैन भन्ने यकिन तथ्याङ्कको अभावले गर्दा नागरिकताको प्रमाणपत्र लिन गरिएका व्यक्तिगत प्रयत्नहरू मात्रै कत्तिको पर्याप्त छन् भन्ने कुरा स्पष्ट छैन ।

राज्यको पहलमा थप प्रयत्नहरू गरिएनन् भने दुर्गमा क्षेत्रमा बसोबास गरिरहेका व्यक्तिहरू, वृद्धवृद्धाहरू वा सीमान्तीकृत व्यक्तिहरू दर्ता प्रक्रियाबाट बाहिर पर्न सक्नेछन् भन्ने कुरालाई कार्टर सेन्टरले सरोकार राखेको छ । आवश्यक कागजात सहित आवेदन दिएका व्यक्तिहरूलाई त्यसै दिन नागरिकताको प्रमाणपत्र दिनको लागि गृहमन्त्रालयले जिल्ला प्रशासन अधिकृतहरूलाई निर्देशन दिएको भएता पनि नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र प्राप्त गर्नको लागि पहुँच बढाउन सक्रियतापूर्वक थप प्रयासहरू भएका छैनन् र तत्काल कुनै योजना पनि छैन । धेरै जिल्लाहरूमा खास गरी दुर्गम क्षेत्रहरूमा त्यहाँका जनताले सबै योग्य नेपालीहरूलाई आवश्यक कागजातहरू प्राप्त गर्ने पहुँच सुनिश्चत गर्न नागरिकताको प्रमाणपत्र वितरण गर्ने घुम्ती टोलीहरू होऊन् भन्ने अनुरोध गरेको कार्टर सेन्टरका पर्यवेक्षकहरूले सुनेका छन् । लोकतान्त्रिक निर्वाचनका अन्तर्राष्ट्रिय सिद्धान्तहरूको सम्मान गर्नको लागि पनि सबै योग्य व्यक्तिहरूले नाम दर्ता गराउन सक्ने कुरा सुनिश्चित गर्नु नेपाल सरकारको निम्ति एउटा बाध्यात्मक दायित्व हो ।[५] यो बाध्यात्मक दायित्वलाई सन् २०११ को फेब्रुअरी महिनामा सर्वोच्च अदालतले एउटा आदेशद्वारा दोहोऱ्याइसकेको छ ।

निरन्तर दर्ता

निरन्तर दर्ताको दर थोरै भए पनि बढेको छ, तर यो वृद्धि दर सापेक्षिक रूपमा कम भएकोले आवश्यक दर्तासंख्याको लक्ष्य पूरा गर्न पर्याप्त छैन । स्थलगत भ्रमण गरिएका जिल्लाहरूमा पर्यवेक्षकहरूले के उल्लेख गरेका छन् भने हालका महिनाहरूमा दर्ता प्रक्रियाको प्रगति सँगसँगै निरन्तर दर्ताद्वारा नाम दर्ता गराउने नागरिकहरूको संख्या पनि अलि बढेको छ । यद्यपि नाम दर्ता गर्नेहरूको संख्यामा वृद्धि सकारात्मक भएपनि मे महिनाको अन्त्यतिर र जून महिनाका शुरुका दिनहरूमा पर्यवेक्षकहरूले संकलन गरेका तथ्याङ्कहरूले के देखाएका छन् भने निरन्तर दर्ताद्वारा नाम दर्ता गराउनेहरूको कुल संख्या तुलनात्मक रूपमा थोरै नै छ । काठमाडौं, ललितपुर र कैलालीजस्ता घना आवादी भएका जिल्लाहरूमा निरन्तर दर्ताद्वारा नाम दर्ता गराउनेहरूको कुल तथ्याङ्क १ हजारदेखि २ हजारको बीचमा रहेको छ, तर अरू धेरैजसो जिल्लाहरूमा चाहिँ दर्ता गराउनेहरूको कुल संख्या १ सयभन्दा पनि थोरै छ । त्यसो भएको हुनाले सन् २०११ को जुलाई महिनाको मध्यसम्मको लागि निर्धारण गरिएको लक्ष्यमा पुग्न निर्वाचन आयोगलाई निरन्तर दर्ताको संख्या अपर्याप्त हुने देखिन्छ । अर्को प्रकारले भन्नुपर्दा नाम दर्ता गराउनेहरूको सम्भावित संख्याको आँकलनलाई पनि त्यसले पूरा गर्न सक्ने छैन । त्यसमाथि, कार्टर सेन्टरले के पाएको छ भने निरन्तर दर्ताको विषयमा जनचेतना जगाउने काम पनि अत्यन्त सीमित रहेको छ ।

तथ्याङ्क व्यवस्थापन

निर्वाचन आयोगले चलाएको मतदाता दर्ताको क्रममा देखिएको अहिलेको सबभन्दा कमजोर पक्ष तथ्याङ्क व्यवस्थापन नै हो । केन्द्रीय तथ्याङ्क केन्द्रको स्थापना, तथ्याङ्क व्यवस्थापन गर्ने सफ्टवेयरको विकास र त्यसलाई अद्यावधिक गर्ने व्यवस्थाका साथै एउटा आन्तरिक सञ्चार प्रणालीको पूर्वाधारजस्ता निर्वाचन आयोगको योजनाका थुप्रै महत्वपूर्ण अंगहरू अझै व्यवहारमा आएका छैनन् । अहिले त दर्ता भएका दशौं लाख व्यक्तिहरूको तथ्याङ्क जिल्ला तहमै रहेको छ । त्यो तथ्याङ्क राष्ट्रव्यापी चरणको दर्ता कार्य सकिएपछि मात्रै एकै ठाउँमा एकत्रित गरिनेछ । दर्ता भएका व्यक्तिहरूको तथ्याङ्क केन्द्रीय तहमा एकत्रित नभएसम्म निर्वाचन आयोगले दर्ता कार्यको गुणस्तरको परीक्षण गर्न दर्ता कार्यमा रहेको हुनसक्ने त्रुटिहरूको मात्रा र प्रकृति आँकलन गर्न सक्ने छैन । त्यसमाथि दोहोरो दर्ता खारेजीका निम्ति आयोगले निश्चित नीति र विधि-प्रक्रिया निर्धारण गरेको छैन । त्यसैले दोहोरो दर्ताको पहिचान र खारेजीका चुनौतीहरू आँकलन गर्न आंशिक परीक्षण मात्र सञ्चालन गरिँदै आएको छ । सूचना प्रविधिका महत्वपूर्ण अंगहरूलाई व्यवस्थित गर्न निर्वाचन आयोगमा कर्मचारीहरूको सिमित क्षमता नै तथ्याङ्क व्यवस्थापन प्रक्रिया कमजोर हुनुको एउटा महत्वपूर्ण कारण हो । हाल निर्वाचन आयोगले सफ्टवेयर विकास र अद्यावधिक गर्ने काम बाहिरका निजी ठेकदारहरूलाई गर्न लगाएको छ । प्रभावकारी रूपले

[५] उदाहरणको लागि : संयुक्त राष्ट्र संघको मानव अधिकार समितिको सामान्य व्याख्या-२५ मा जोड दिइएको छ, 'मतदान गर्न सक्ने सबै व्यक्तिले त्यो अधिकारको प्रयोग गर्न पाउने कुरा सुनिश्चित गर्न राज्यहरूले प्रभावकारी उपाय अवलम्बन गर्नु पर्दछ । मतदाताहरूको नाम दर्ता गर्न आवश्यक परेका ठाउँहरूमा त्यो कामलाई सहज तुल्याउनु पर्दछ र कुनै पनि किसिमका अवरोधहरू थोपर्नु हुँदैन ।'

दीर्घकालीन व्यवस्थापनको लागि सफ्टवेयर विकास र तथ्याङ्क व्यवस्थापन गर्ने कामको निम्ति निर्वाचन आयोगमै क्षमता विकास गर्नु पर्दछ ।

राष्ट्रव्यापी मतदाता दर्ता चरण

मतदाता दर्ताको राष्ट्रव्यापी चरणमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले मतदाता शिक्षाका प्रयत्नहरू केही बढोत्तरी भएको देखे । खास गरी निर्वाचनसम्बन्धी पोस्टर, रेडियोमा बज्ने प्रचार सामग्री र टेलिभिजनमा विज्ञापनहरू बढेका थिए । पर्यवेक्षकहरूले सामान्यत: ब्रिजिङ चरणको तुलनामा यस चरणमा मतदाता दर्ता प्रक्रियासम्बन्धी नागरिकहरूको बुझाइमा पनि वृद्धि भएको उल्लेख गरेका छन् । अन्तरवार्ता गरिएका नागरिकहरूमध्ये बहुसंख्यक नागरिकहरू किन नाम दर्ता गराउनु पर्छ भन्ने बारेमा सचेत थिए । त्यसमाथि पर्यवेक्षकहरूले के पाए भने अन्तरवार्ता गरिएका धेरै गणकहरूले आफ्नो निर्धारित लक्ष्य पूरा गरेका थिए । तैपनि खास गरी हिमाली जिल्लाहरूमा केही गणकहरूलाई भौगोलिक असहजताले गर्दा निर्धारित लक्ष्य पूरा गर्न गाह्रो भएको थियो । मतदाता शिक्षाका प्रयत्नहरू अलिकति भए पनि बढ्नाले त्यसबाट गणनाका प्रयत्नहरूलाई स्पष्ट रूपले सघाउ पुगेको थियो । धेरैजसो गणकहरूले के बताए भने गणकहरू उनीहरूकहाँ किन आएका हुन् भन्ने बारेमा धेरै नागरिकहरू जानकार थिए, त्यसैले उनीहरू गणनाका निम्ति चाहिने कागजातहरू ठीक पारेर बसेका थिए ।

दर्तास्थलहरूमा सामान्यत: दर्ता प्रक्रिया बाधारहित सम्पन्न भएको पाइयो । र, दर्ता गर्ने कर्मचारी पनि सामान्यत: राम्ररी प्रशिक्षित र परिश्रमी देखिएका थिए । उनीहरू दर्तास्थलमा भैपरी आउने सानातिना समस्याहरू आफैं समाधान गर्न सक्षम थिए । सानातिना प्राविधिक र प्रक्रियागत कमजोरीहरूलाई बेवास्ता गरिएको थियो र चलनचल्तीमा रहेका उपकरणहरू बेलाबेलामा बिग्रिनाले केही समस्याहरू भएका थिए । तथापि आयोगका अधिकारीहरूले दर्ता प्रक्रिया नबिथोलियोस् भनेर सामान्यत: उपकरणहरू मरम्मत गर्ने वा अर्को उपकरण ल्याउने काम समयमै गरेका थिए ।

राजनीतिक दलको सहभागिता

मतदाता दर्ता प्रक्रियाको राष्ट्रव्यापी चरणमा राजनीतिक दलको सहभागिता धेरै कमजोर देखिएको छ । आफ्नो दलभित्र मतदाता दर्ता प्रक्रियासम्बन्धी चेतना जगाउन दलहरूले आन्तरिक बैठकहरू त गरेका छन् तर मतदाता दर्ता प्रक्रियालाई सघाउ पुऱ्याउन उनीहरूले सार्वजनिक क्रियाकलाप सञ्चालन गरेको दृष्टान्तहरू भने थोरै छन् । केहि जिल्लाहरुमा, दर्ता प्रक्रियालाई सहयोग पुर्‍याउन निर्वाचन आयोगको सहयोगमा गठित स्थानीय समन्वय समितिहरू सकारात्मक संयत्र भएको सहभागीहरूले उल्लेख गरेका छन्।

आगामी योजना

मतदाता नामावलीको प्रकाशन र उजुरीको अवधिका निम्ति थप योजनाहरू, गृह मन्त्रालयसँग समन्वयका निम्ति समन्वयका ढाँचाहरू पहिल्याउने काम र निर्वाचन आयोगको अद्यावधिक गरिएको एउटा बृहत समयतालिका आवश्यक छ । मतदाता दर्ताको तथ्याङ्क एकत्रित गरी शुद्धीकरण गरेपछि प्रकाशन र उजुरीको अवधिका लागि एउटा अस्थायी मतदाता नामावली तयार हुनेछ । तर यति बेलासम्म निर्वाचन आयोगसँग नामावली प्रकाशन र उजुरीको अवधिका लागि विस्तृत योजना वा कार्यविधि छैन । स्थलगत रूपमा तथ्याङ्क संकलन गर्ने काम संभवत: छिटै बन्द हुन लागेकोले निर्वाचन आयोगसँग यस्तो प्रक्रियाको लागि अहिले नै समयतालिका सहितको एउटा विस्तृत योजना हुनु आवश्यक छ ।

थप कुरा के हो भने अहिलेको प्रक्रियाद्वारा तयार पारिने मतदाता नामावलीको दिगोपना त्यसलाई नियमित संभार र अद्यावधिक गर्ने कुरामा निर्भर रहन्छ । निर्वाचन आयोगको मतदाता दर्ता परियोजनाको योजनाअनुसार आयोगद्वारा संकलित तथ्याङ्कहरू एउटा नागरिक रजिष्ट्री तयार पार्ने उद्देश्यसहित गृहमन्त्रालयलाई प्रदान गरिनेछ जसले मतदाता नामावली सूची अद्यावधिक गर्ने कामलाई सहज पार्नसघाउँछ । नागरिक रजिष्ट्री तयार पार्ने प्रयत्नहरूमा निर्वाचन आयोग र गृह मन्त्रालयले तथ्याङ्क बाँडफाँड र मतदाता दर्तासम्बन्धी सूचनालाई अद्यावधिक गर्ने ढाँचाहरू खडा गर्न बाँकी नै रहेको अवस्थाले निर्वाचन आयोग र गृह मन्त्रालयबीच सापेक्षिक रूपमा समन्वयको कमी रही आएको छ भन्ने कुरा बुझिन्छ । मतदाता दर्ता परियोजनाको दिगोपना सुनिश्चित गर्नको लागि यस किसिमको समन्वय र सम्पर्कहरू स्थापित हुनु अनिवार्य छ । अन्त्यमा, मतदाता दर्ताका क्रियाकलापहरूलाई मार्गनिर्देश गर्न प्रयोग भइरहेको निर्वाचन आयोगको समयतालिका सही वा सान्दर्भिक रहिरहेको छैन । जिल्लाबाहिर मतदाता दर्ताजस्ता हालसालै सञ्चालित क्रियाकलापहरू पहिले नै योजनामा नपरेको हुनाले समयतालिकामा त्यसबारे केही उल्लेख छैन । साथसाथै तथ्याङ्क व्यवस्थापनका थुप्रै क्रियाकलापहरू लगायतका अन्य कामहरू पहिला योजनामा परेर सञ्चालनमा आएका थिएनन् र ती कामहरू अझै बाँकी नै रहेका छन् वा ती कामहरूलाई जुलाईमा हुने मतदाता नामावली प्रकाशन र उजुरीजस्ता प्रक्रियाजस्ता अन्य अवस्थाको निम्ति पुन: समयतालिकामा राख्नु पर्नेछ ।

अन्तिम कुरा, अहिले तालिकामा नपरेका गतिविधिहरू पनि सञ्चालित छन् , जस्तै : 'छुटेकाहरूको' दर्ता गर्ने काम । यो काम सञ्चालन गर्नुपर्दछ र यसलाई कार्यतालिकामा राखिनु पर्दछ । समग्र प्रक्रियालाई मार्ग निर्देश गर्न निर्वाचन आयोगको समय-तालिकाले सहयोग पुऱ्याउने हुनाले निर्वाचन आयोगमा योजना तर्जुमा गर्नका निम्ति र आयोगबाहिरका सरोकारवालाहरूलाई सघाउ पुऱ्याउन त्यो समय-तालिकालाई अद्यावधिक गर्नु र शुद्ध पार्नु महत्वपूर्ण छ ।

**सिफारिसहरू**

मतदानको निम्ति नाम दर्ता गराउन चाहने सबै नेपालीहरूलाई त्यसको अवसर प्रदान हुने सुनिश्चित गरेकोमा यस्ता सबै किसिमका सकारात्मक प्रयासहरूका निम्ति कार्टर सेन्टर निर्वाचन आयोगको सह्राहना गर्दछ । आफ्नो सकारात्मक प्रयास लगातार जारी राखेर

अझ धेरै शुद्धता प्रवर्द्धन गर्न र मतदानका निम्ति नाम दर्ता गर्न चाहने सबै नेपालीहरूलाई पहुँच र अवसर प्रदान गर्नको लागि अन्य कदमहरू चाल्न कार्टर सेन्टर निर्वाचन आयोगलाई प्रोत्साहित गर्दछ। विशेष गरी कार्टर सेन्टर निम्न सिफारिसहरू गर्दछ :

निर्वाचन आयोगले गर्नुपर्ने:

- योजनाअनुरूप सबै ठाउँहरूमा मतदाता दर्ता कार्य सञ्चालित छ भन्ने कुरा सुनिश्चित गर्न जारी रहेको मतदाता दर्ता अभ्यासको निम्ति आवश्यकताअनुसार समयावधि बढाउनु पर्दछ।
- नाम दर्ता गर्न छुटाएका व्यक्तिहरूका निम्ति नाम दर्ता गर्ने अवसर दिलाउन विशेषत: सबै नगरपालिकाका वडाहरू र गाविसहरूमा अहिले आएर निर्वाचन आयोगले ठीक ठहऱ्याएअनुरूप सन् २०११ को अगस्ट महिनादेखि नोभेम्वर महिनासम्म 'छुटेका' मतदाता दर्ता अभ्यास सञ्चालन गर्नु पर्दछ।
- कामको प्रगति र परियोजनाका पूर्वनिर्धारित क्रियाकलापहरू देखाउने अग्रगामी नयाँ समयसूची अनुरूपको एउटा यथार्थपरक मतदाता दर्ता समय-तालिका बनाउनु पर्दछ।
- तथ्याङ्क व्यवस्थापन योजना लागू गर्ने कामलाई प्राथमिकतामा राख्नु पर्दछ र यस प्रक्रियालाई व्यवस्थित गर्न सूचना प्रविधिको क्षेत्रमा काम गर्ने कर्मचारीहरूको क्षमता वृद्धि गर्नु पर्दछ। साथै, आवश्यक परेमा सूचना प्रविधिको काम गर्ने दक्ष कर्मचारीहरू थप्ने कुरामा ध्यान दिनु पर्दछ।
- मतदाता दर्ताका निम्ति अवरोधहरू समाप्त पार्न मधेसवादी राजनीतिक दलहरूसँग सहमतिमा पुग्ने प्रयत्नहरू जारी राख्नु पर्दछ।
- सबै योग्य नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्नको निम्ति प्रभावकारी बन्दोबस्त मिलाउन सरकारसँग संवाद जारी राख्नु पर्दछ।
- नाम दर्ताको निम्ति मतदाताहरूलाई बढी पहुँच दिलाउन जिल्लाको सदरमुकामबाहिर पनि निरन्तर दर्ताको निम्ति दर्तास्थलहरू स्थापना गर्नुपर्दछ।
- जिल्लाबाहिर दर्ता र निरन्तर दर्ताको विषयमा चेतना बढाउन मतदाता शिक्षाका प्रयत्नहरू राम्ररी अघि बढाउने कुरा सुनिश्चित गर्नुपर्दछ।
- दर्तास्थलहरूमा देखिएका सानातिना प्राविधिक र विधिगत कमजोरीहरू सच्च्याउनु पर्दछ।
- मतदाता नामावली प्रकाशन र उजुरीको प्रक्रियाका निम्ति समय र विधि-प्रक्रिया परिभाषित गर्नु पर्दछ।
- नागरिक सूचीको खाता (civil registry) तयार गर्ने कामलाई सहज तुल्याउन गृह मन्त्रालयसँग समन्वय बढाउनु पर्दछ।

नेपाल सरकारले गर्नुपर्ने:

- सर्वोच्च अदालतले सन् २०११ को फेब्रुअरीमा आदेश गरेअनुरूप सबै योग्य नेपालीहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्न प्रयत्नहरू बढाउनु पर्छ र लोकतान्त्रिक निर्वाचनको निम्ति यससम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्तहरू पालना गर्नुपर्दछ। र,
- मधेसवादी दलहरूबाट भइरहेका अवरोधहरू समाप्त पार्न निर्वाचन आयोगलाई सघाउने प्रयास जारी राख्नुपर्दछ।

राजनीतिक दल र नागरिक समाजले गर्नुपर्ने:

- विशेष गरी नागरिकहरूमा जागरण फैलाएर नाम दर्ताको निम्ति उनीहरूलाई प्रोत्साहित गर्दै मतदाता दर्ता प्रक्रियामा अझ बढी सक्रिय र सहयोगी भूमिका खेल्नु पर्दछ।
- मतदाता दर्ता प्रक्रियालाई अवरोध पुऱ्याइरहेका मधेसवादी दलहरूले आफ्ना गुनासा र पीरमर्काहरू उठाउन उचित कानुनी उपायहरू अवलम्वन गर्नु पर्दछ र विरोधका आफ्ना क्रियाकलापहरू शान्तिपूर्ण हुने कुरा सुनिश्चित गर्नु पर्दछ।